नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही,मलंगवा

सम्पर्क नं. : ०४६-५२०१०६,
५२०१७७,५२०१७४

मितिः २०८३।०८।०१ गते

प्रेस विज्ञप्ति

पाना - १

विगत केही दिनदेखि बिहान र रातिको समयमा सर्लाही जिल्लाको सदरमुकाम मलंगवासहित जिल्लाका विभिन्न स्थानमा बाक्लो हुस्सु र कुहिरो लाग्ने तथा शीतलहर चल्ने अवस्था पनि देखिएको छ । घाम नलाग्ने र बाक्लो हुस्सुका कारण तापक्रम ह्वात्तै घटेर अत्यधिक चिसो बढ्न सक्ने भएकोले यस क्षेत्रको दैनिक जनजीवन, सडक यातायात र सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने जोखिम देखिएको छ। यस सन्दर्भमा शीतलहरबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू अघि बढाइएको छ।

सम्भावित जोखिमबाट बच्न सम्पूर्ण जिल्लावासी आम नागरिक, सरोकारवाला निकाय, स्थानीय तह र संचारकर्मीहरुमा देहाय बमोजिमको सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अपिल गर्दछः-

१. स्वास्थ्य सुरक्षामा विशेष ध्यानः

शीतलहरका कारण निमोनिया, रुघाखोकी, छालाको समस्या र मुटुसम्बन्धी दीर्घरोगको जोखिम बढ्ने हुँदा विशेषगरी वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती महिला र दीर्घरोगीहरूको विशेष ख्याल राख्न अनुरोध गरिन्छ। बाक्लो हुस्सु लागेको र शीतलहर चलेको अवस्थामा सकेसम्म घर बाहिर ननिस्कन, न्यानो लुगा लगाउन र तातो झोलिलो खानेकुरा खान आग्रह छ।

२. आगलागी र निसास्सिने जोखिमबाट बचाउः

चिसो छल्न घरभित्र हिटर बाल्दा वा दाउराको घुर ताप्दा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउनुहोला । बन्द कोठामा आगो बाल्दा निसास्सिएर ज्यान जान सक्ने तथा आगलागीका घटना बढ्न सक्ने हुँदा उच्च सतर्कता अपनाउनु हुन अनुरोध छ।

३. सडक यातायातमा सावधानीः

बाक्लो हुस्सु र कुहिरोका कारण सडकमा दृश्यता (Visibility) कम हुने भएकाले सवारी दुर्घटनाको जोखिम उच्च रहेको हुँदा सवारी साधन चलाउँदा गति कम गर्न, फग लाइट (Fog light) को अनिवार्य प्रयोग गर्न र विशेष सावधानी अपनाउन सम्पूर्ण सवारी चालकहरूमा आग्रह गरिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय

सम्पर्क नं. : ०४६-५२०१०६,
५२०१७७,५२०१७४

जिल्ला प्रशासन कार्यालय

सर्लाही,मलंगवा

पाना नं.2

४. स्थानीय तहसँगको समन्वयः

जिल्लाका सबै स्थानीय तहहरूले वडा कार्यालय र समुदायमा आधारित संस्थाहरूसँग समन्वय गरी विपन्न, सुकुम्वासी तथा संकटापन्न परिवारलाई न्यानो कपडा, कम्बल र दाउरा वितरणको व्यवस्था मिलाउन अनुरोध छ । जोखिममा रहेका व्यक्तिहरूका लागि सुरक्षित सार्वजनिक आश्रयस्थलको प्रबन्ध गर्न समेत ध्यानाकर्षण गराइन्छ।

५. कृषि तथा पशुपन्छीको संरक्षणः

अत्यधिक चिसो र शीतलहरबाट कृषि बाली र पशुपन्छीमा समेत क्षति पुग्न सक्ने भएकाले आवश्यक स्याहार तथा प्राविधिक सल्लाह लिई क्षति न्यूनीकरणका उपाय अपनाउन कृषक वर्गमा अनुरोध छ।

अन्त्यमा, चिसो तथा शीतलहरको समयमा मानवीय क्षति हुन नदिन आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग र समन्वय गर्न सम्पूर्ण सरोकारवाला निकाय, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था, नागरिक समाज र संचारकर्मी एवम् संचार माध्यमहरूलाई हार्दिक अनुरोध गरिन्छ।

मितिः २०८३।०८।०१ गते

होम प्रसाद घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी